# मुसिकोट नगरपालिका
# रुकुम पश्चिम

नगर उप प्रमुख श्री विमलकुमार पुनमगरले
प्रस्तुत गर्नु भएको

## आर्थिक वर्ष २०८०/०८१ को
## बजेट वक्तव्य
## २०८०/३/१०

मुसिकोट नगरपालिकाको आ.व. २०८०/०८१ को बजेट बक्तव्य

**आदरणीय नगर सभाका सभा अध्यक्ष ज्यू एवं सदस्य ज्यूहरु,**

१. आजको यस मुसिकोट नगरवासी नागरीकको जनप्रतिनिधिमुलक ऐतिहासिक बाह्रौं नगर सभामा उपस्थित भई नगरपालिकाको विकास र समृद्धिको दिशामा कटिवद्ध रहनुभएका गरिमामय सभाका सदस्यहरुको बीचमा आर्थिक वर्ष २०८०/०८१ को आय व्ययको विवरण प्रस्तुत गर्न पाउंदा गौरवान्वित भएको छु ।

२. सर्वप्रथम यस अवसर जुटाउन तथा नेपालको सार्वभौमिकता, अखण्डता, संघीय लोकतान्त्रिक गणतन्त्र, समानुपातिक समावेशिता, धर्म निरपेक्षता र सामाजिक न्यायका लागि विभिन्न ऐतिहासिक संघर्षहरुमा आफ्नो अमूल्य जीवन बलिदान गर्नुहुने महान सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । सम्पुर्ण घाइते, अपाङ्ग, बेपत्ता तथा सहिदका परिवारजनमा उच्च सम्मानकासाथ श्रद्धा भाव प्रकट गर्दछु ।

३. विकास प्रक्रियालाई परिणामुखी बनाउन संघ र प्रदेशसंग समन्वय, सहकार्य र सहभागितामा दोहोरोपना हुन नहुने गरी विकास आयोजनाको छनौट तथा कार्यान्वयन गर्ने कार्यमा विशेष ध्यान दिइनेछ ।

४. स्थानीय सरकार जनताको प्रत्यक्ष घरआगनको सरकार हो । संघियतालाई संस्थागत गर्दै जनताका अधिकारहरुलाई जनताको घरदैलोमा सरकारको उपस्थिति र अधिकार उपभोगको महशुस गर्ने भएकोले टोल बस्तीहरुबाट जनताबाट उठाइएका आवश्यकताहरुलाई क्षेत्रगतरुपमा प्राथिमकता सम्बोधन हुनेगरी आवश्यक बजेट विनियोजन गरेको छु ।

५. बजेट तर्जुमा गर्दा नेपालको संविधान, नेपाल सरकारको पन्ध्रौं योजना, मुसिकोट नगरपालिकाको प्रथम आवधिक विकास योजना, दिगो विकासका लक्ष्य, विभिन्न ऐन नियम तथा कार्यविधिहरु, जनतासंग गरिएका प्रतिवद्धता, मुसिकोट नगरपालिकाको नीति तथा कार्यक्रमलाई महत्वपूर्ण आधारको रुपमा लिएको छु । आर्थिक, सामाजिक तथा साँस्कृतिक रुपान्तरण गर्दै समतामुलक समृद्धि मार्फत समाजबाद निर्माणको आधार निर्माण गर्ने उद्देश्यबाट निर्देशित हुँदै जनप्रतिनिधि, वुद्धिजीवि, समाजसेवी, पेशाकर्मी, नागरिक समाज र आम नगरबासीबाट प्राप्त सुझावलाई समेत मध्यनजर गरी प्रस्तुत बजेट कार्यक्रमलाई महत्व दिएको छु ।

**आदरणीय सभा अध्यक्ष तथा सदस्यज्यूहरु,**

अव म चालु आर्थिक वर्षको बजेटको समिक्षा प्रस्तुत गर्न चाहन्छु ।

६. आर्थिक वर्ष २०७९/०८० को जेठ मसान्त सम्मको खर्च चालु तर्फ ५९.५१ प्रतिशत र पुजिगत तर्फ ५७.६४ प्रतिशत खर्च भई समग्रमा ५८.८७ प्रतिशत खर्च भएको छ ।

७. आर्थिक वर्ष २०७९/०८० मा नगरको आन्तरिक राजश्व संकलन जेठ मसान्तसम्म रु. १ करोड २६ लाख १४ हजार ३ सय १७ रुपैया पैसा ०८ अर्थात लक्ष्यको तुलनामा ५८.६७ प्रतिशत रहेको छ ।

**आदरणीय सभा अध्यक्ष तथा सदस्य ज्यूहरु,**

८. अव म आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्दछु ।

बजेटका उद्देश्यहरु निम्नानुसार रहेका छन् ।

- मुसिकोट नगरपालिको विशिष्ट भौगोलिक तथा सामाजिक अवस्थालाई दृष्टिगत गरी सडक पूर्वाधार खानेपानी सिंचाई स्वास्थ्य शिक्षा लगायत क्षेत्रको सन्तुलीत रुपमा विकास गर्ने ।
- कृषि, उद्योग तथा वन लगायतका क्षेत्रको उत्पादन र उत्पाकत्व वृद्धि गरी स्वरोजगार सृजना गरी नगरबासीको आयआर्जनमा वृद्धि गर्ने।
- सार्वजनीक, नीजि र सहकारी क्षेत्रसँग उपलब्ध स्रोत साधनको उत्पादनशिल क्षेत्रमा परिचालन गर्ने ।
- समाजमा विद्यमान सबै प्रकारका विभेदहरुको अन्त्य गर्न विभिन्न वर्ग, क्षेत्र, लिंग, जातजाती समुदायको प्रतिनिधित्व सुनिश्चित गरी सामाजिक न्याय सहितको समृद्धि हाँसिल गर्ने ।
- युवा, महिला तथा समाजमा पछाडि पारिएका समुदाय एवं वर्गको क्षमता विकास मार्फत रोजगारमा लगाउने।
- विगतमा निर्माण सुचारु भएका भौतिक पूर्वाधारका योजनाहरुको निर्माण कार्य सम्पन्न गर्ने ।
- नगर अन्तर्गत स्वास्थ सेवाको सुदृढिकरण एवं विस्तार गरी सहज, निशुल्क, गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरी नगरवासिको जीवन रक्षा गर्ने ।

मुसिकोट नगरपालिकाको आ.व. २०८०/०८१ को बजेट वक्तव्य

- वार्षिक कार्यक्रम कार्यान्वयनमा पारदर्शिता एवं प्रभावकारिता अभिवृद्धिका लागि सक्रिय जनसहभागिता, नविन प्रविधिको उच्चतम प्रयोग गरी भ्रष्टाचार विरुद्ध शुन्य सहनशीलताको नीति अवलम्वन र प्रशासनिक क्षमता विकास गरी सुशासन कायम गर्ने ।
- वजेटको प्रभावकारी कार्यान्वनको लागि संघ, प्रदेश, स्थानीय तह, नीजि क्षेत्र तथा अन्य सरोकारवालहरुसंग समन्वय तथा सहकार्य गर्ने ।

९. **बजेटका उद्देश्य हाँसिल गर्न देहाय बमोजिम प्राथमिकता निर्धारण गरेको छुः**

- सडक पूर्वाधार खानेपानी सिंचाई स्वास्थ्य शिक्षा लगायत क्षेत्रको सन्तुलीत रुपमा विकासमा जोड दिने,
- कृषी, उद्योग, वन र पर्यटन लगायतका क्षेत्रको पुनरुत्थान गरी उत्पादन एवं उत्पादकत्व बृद्धि गर्ने,
- विभेदहरुको अन्त्य गर्न विभिन्न वर्ग, क्षेत्र, लिंग, जातजाती समुदायको प्रतिनिधित्व सुनिश्चित गरी सामिजक न्याय प्रदान गर्ने,
- रोजगारमूलक विकास र उद्यमशीलताको माध्यमबाट पछाडि पारिएका वर्गहरुको जीवनस्तरमा सुधार गर्ने,
- संघ, प्रदेश, स्थानीय तह, नीजि क्षेत्र तथा अन्य सरोकारवालहरुको विचमा समन्वय तथा सहकार्य गर्ने,
- अधुरा योजनाहरुलाइ पहिलो प्राथमिकतामा राखी निर्माण कार्य सम्पन्न गर्ने,
- स्वास्थ्य र शिक्षा क्षेत्रको दीर्घकालीन विकासका लागि भौतिक पूर्वाधार, दक्ष जनशक्ति, नवीन प्रविधि र संस्थागत क्षमता विकास गर्ने।

**आदरणीय सभा अध्यक्ष तथा सदस्यज्यूहरु,**

**अब म आगामी आर्थिक वर्षको क्षेत्रगत रुपमा बजेटका कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्दछु ।**

१०. कृषि व्यावसाय प्रर्वद्धन कार्यक्रम संचालन गरि कृषि उत्पादन तथा उत्पादकत्व बृद्धि तथा कृषिजन्य बस्तुहरुको आयात प्रतिस्थापन कार्यक्रम, लोपउन्मुख रैथाने वालीको संरक्षण तथा प्रबर्द्धन, किसान सूचिकरण तथा कृषि तथ्याङ्क अध्यावधिक, कृषकहरुलाइ प्याजको

मुसिकोट नगरपालिकाको आ.व. २०७८/०७९ को बजेट वक्तव्य

वीउ, खाद्यान्न वालीको उन्नत वीउ उत्पादन तथा बितरण, भौगोलिक क्षेत्रमा निर्धारण गरिएका पकेट क्षेत्र कार्यक्रम र थप पकेट बिस्तार, मौरीपालन तथा च्याउ उत्पादन, करेशावारी प्रवर्द्धन, तरकारी तथा फलफूल कार्यक्रम संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

११. मुसिकोट नगरपालिका अन्तर्गत पशुपन्छीहरुमा देखा पर्ने रोगहरुको उपचार तथा रोकथाम गर्न औषधी तथा खोप खरिद, आधारभुत प्रयोगशाला स्थापना सहित आवश्यक किट तथा प्रयोगशाला सम्बन्धी सामग्री व्यवस्थापन, व्यवसायिक रुपमा दुध, मासु तथा अण्डा उत्पादन गर्ने किसानहरुलाई प्रोत्साहन, कृत्रिम गर्भाधान, जुनोटिक रोग सम्बन्धि स्कुल प्रसार शिक्षा, पशु आहारा प्रवर्धन, ट्रेविजहरुको सुधार तथा व्यवस्थापन, घरपालुवा तथा सामुदायिक कुकुरहरुको नियन्त्रणको लागि खोप सेवा र बन्ध्याकरण शिविर, रेविज नियन्त्रण, किसानहरुलाई प्रोत्साहन गर्न पशुहरुमा सुत्केरी स्याहार भत्ता वितरण, महामारीजन्य रोग नियन्त्रणको लागी सर्भिलेन्स, नमुना संकलन तथा प्रेषण, गोष्ठी, गत आ.व.मा संचालित कार्यक्रमहरुको फलो अप, प्राविधिक जोखिम व्यवस्थापन, ईपिडिमियोलोजिकल रिपोर्टिङ्, एक गाउँ एक प्राविधिकको तलव भत्ता, पशुपन्छी तथा मत्स्य तथ्याक अत्यावधिक र किसान सुचिकरण कार्यक्रमलाई निरनरतरताको लागी आवश्यक बजेट विनियोजन गरेको छु ।

१२. नयाँ उद्यमी सिर्जना र स्तर उन्नती तालिम, उपभोग्य वस्तुको गुणस्तर परिमाण शुद्धता उत्पादन मिति र दर्ता नम्बर र व्यवसाय करमा आबद्धता, सहकारी सँस्थाहरुको क्षमता बृद्धि, सहकारी संस्था मार्फत बिंउ पुँजी घुम्ती कोषको परिचालन, समुहहरुलाई बैंकहरु मार्फत सहुलियत कर्जा प्रवाह कार्यक्रम संचालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१३. नगर क्षेत्र भित्ररहेका महत्वपूर्ण पर्यटनका क्षेत्र धार्मिक साँस्कृतिक ऐतिहासिक स्थलहरुको उचित संरक्षण प्रवर्द्धन तथा प्रचार प्रसार गर्नको लागी आवश्यक बजेट विनियोजन गरेको छु।

**आर्थिक विकास समिति अन्तर्गत उल्लखित कार्यक्रम संचालन गर्न रु ८० लाख बजेट बिनियोजन गरेको छु ।**

१४. नगरपालिका स्तरीय परीक्षा संचालन सम्बन्धी कार्यक्रम, नगर प्रमुख अतिरिक्त क्रियाकलाप तथा विभिन्न दिवसहरु संचालन, शिक्षक अभिभावक र विद्यालय व्यवस्थापन समितिसंग अन्तरक्रिया कार्यक्रम र शैक्षिक गुणस्तर मापदन्ड निर्धारण, शैक्षिक

क्यालेन्डर निर्माण तथा प्रकाशन र शैक्षिक स्मारिका निर्माण तथा प्रकाशनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१५. अति गरीब परिबारका लागि स्वास्थ्य सुरक्षा बीमामा आबद्ध गर्न प्रिमियम सहुलियत, निशुल्क औषधि वितरणको लागि औषधि खरिद, स्वास्थ्य संस्थामा उपचारको लागि आबश्यक पर्ने उपकरण, तथा औजार खरिदका लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।

१६. सामुदायिक महिला स्वास्थ्य स्वयम् सेबिकालाई पोशाक, यातायात खर्च, बर्थिंग सेन्टरमा सुरक्षित सुत्केरी सेवा लिने महिलाहरुका लागि गर्भवती जांच उत्प्रेरणा, न्यानो झोला, स्वास्थ्य संस्थामा सुत्केरी हुने आमाको लागि यातायात खर्च, प्रयोगशाला केन्द्रको सेवा विस्तार, नेपाल नेत्रज्योति संघ राप्ति आँखा अस्पतालद्वारा संचालित आँखा उपचार केन्द्रको सेवा विस्तार र शिबिर ब्यबस्थापन र बिद्यालय स्वास्थ्य तथा नर्सिंग सेवा कार्यक्रमका लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।

१७. आयुर्बेद औषधालयमा आयुर्बेद औषधि, योग र आयुर्बेद आरोग्य शैली सम्बन्धी परामर्श, पन्चकर्म, थेरापी, तथा दीर्घ रोग, बालरोग, जेष्ठ नागरिक, स्तानपाई महिलालाई निशुल्क, पोषिलो र रोग प्रतिरोध क्षमता अभिवृद्धि गर्ने खालका औषधि प्राप्तिको सुनिश्चितताका लागि बजेट बिनियोजन गरेको छु ।

१८. महिलाहरुलाई सिप विकास तथा आयआर्जन सम्बन्धी तालिम, महिलाहरुलाई संस्थागत विकासको लागी समुह गठन, गतिशीलता पुनरगठन तथा अनुशिक्षण कार्यक्रम संचालन, लैंगिक तथा घरेलु हिंसामा परेका महिला तथा बालबालिकाहरुलाई संरक्षण गर्न अल्पकालिन उद्धार गृह संचालन तथा व्यवस्थापन, महिला, बालबालिका, जेष्ठ नागरिक र अपांगता भएका बर्गहरुको राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवस कार्यक्रम लागी आवश्यक बजेट बिनियोजन गरेको छु ।

१९. विभिन्न कारणले जोखिममा परेका वालबालिकाहरुको आपतकालिन वालउद्धार कोष स्थापना, आर्थिक रुममा विपन्न तथा संरक्षण विहिन वालबालिकालाई पठन पाठन कार्यक्रम, वाल गृहमा पुस्थापना, वाल श्रमशोषण, वालविवाह, लागुऔषध दुव्र्यसनी र वालहिंसा एवं वाल दुव्र्यवहारमा परेका वालबालिकाहरुलाई न्युनिकरण सम्वन्धी कानुनहरुको वारेमा सचेतनाका कार्यक्रम संचालन गर्न आवश्यक बजेट बिनियोजन गरेको छु ।

२०. अपांगता भएका व्यक्तिहरुको सहज जिवनयापन गर्न अपांगता मैत्री हुईलचियर, कृतिम हातखुट्टा, बैशाखी र दृष्टिविहिन लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।

२१. जेष्ठ नागरिकहरुको स्वास्थ्य जटिलतालाइ ध्यानमा राखि स्वास्थ्य परिक्षण तथा आखा शिविर, जेष्ठनागरिक दिवा सेवा संचालन, विपन्न जेष्ठनागरिकहरुलाइ सहयोग तथा उपचार गर्न र जेष्ठ नागरिक अन्तर पुस्ता सिप हस्तान्तरण कार्यक्रम संचालन गर्नकोलागि आवश्यक बजेट बिनियोजन गरेको छु ।

**सामाजिक विकास समिति अन्तर्गत उल्लखित कार्यक्रम संचालन गर्न रु ८० लाख बजेट बिनियोजन गरेको छु ।**

२२. नगरपालिकाको वडाहरुमा स्थानीय योजना तथा कार्यक्रमहरु संचालन गर्न १४ वडाहरुको लागि सशर्त वाहेक चालु तर्फ रु २ करोड १३ लाख पूंजीगत तर्फ २ करोड १० लाख गरी जम्मा ४ करोड २३ लाख रुपैया विनियोजन गरेको छु ।

२३. मुसिकोट नगरपालिकामा बारेगौरा पार्क निर्माण, बहुउद्देश्यीय पर्यटकीय ताल निर्माण, ल्यान्डफिल साइड पुर्वाधार निर्माण, सोलार सडक बत्ती खरिद तथा व्यवस्थापन, बहुतले पार्किङ्ग भवन लगायतका योजनाहरुमा बजेट व्यवस्था गरेको छु ।

२४. खलंगा वजार क्षेत्रमा पार्किङ स्थल नहुंदा सेवाग्राहीहरुलाई मोटर साईकल तथा साना गाडीहरु पार्किङ गर्न तयार भएको विस्तृत परियोजना प्रतिवेदन कार्यान्वयन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

२५. वजारवाट निस्कने फोहरलाई स्थायी रुपमा विसर्जन गर्न नसकिएका कारण वारम्वार समस्या वल्झिने गरेकाले सो को लागि हाल अस्थायी रुपले फोहर मैला व्यवस्थापन गर्ने र फोहरमैलाको स्थायी व्वस्थापनका लागि व्यवस्थित ल्याण्डफिल साइटको DPR कार्यान्वयनको लागि बजेट विनियोजन गरेको छु ।

२६. ताल, सिंचाई तथा वहुउद्देशिय पर्यटकीय तालको संभाव्यता अध्ययन तथा DPR अनुसार निर्माण गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२७. सडक वोर्ड कार्यक्रममा र झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम संचालनका लागि आवश्यक म्याचिङ बजेट विनियोजन गरेको छु ।

मुसिकोट नगरपालिकाको आ.व. २०८०/८१ को बजेट वक्तव्य

२८. कानूनले योजना/आयोजनाहरु सञ्चालन गर्दा वातावरणीय पक्षको समेत अध्ययन गर्नुपर्ने व्यवस्था गरेको हुंदा खास गरी सडक आयोजनाहरुको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) तयार गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२९. वर्षादको समयमा (आषाढदेखि आश्विन महिना) वाढी तथा पहिरोका कारण सडक अवरुद्ध भई आवागमनमा अवरोध पर्न जाने हुंदा नगरपालिका भित्रका मुख्य सडकहरुको आवागमनलाई सुचारु गर्न वडागत रुपमा आवश्यक बजेट व्यवस्था गरिनेछ ।

**पूर्वाधार विकास समिति अन्तर्गत उल्लखित कार्यक्रम संचालन गर्न रु १ करोड ३० लाख बजेट बिनियोजन गरेको छु ।**

३०. नगरपालिका क्षेत्र भित्र प्राकृतिक प्रकोपका कारण विपत्तिमा परेका नागरिकहरुलाई राहत, खोज, उद्दार, आर्थिक सहायता तथा विपद प्रतिकार्यका लागि तत्काल आवश्यक पर्ने सामग्री र नगरपालिका क्षेत्रबाट उत्पादन हुने फोहोर संकलनका लागि डस्टबिन वितरण र संकलित फोहोरलाई ल्याण्डफिल्ड साइडमा ब्यबस्थापन तथा नगरपालिका क्षेत्र भित्रका जोखिम युक्त स्थानमा तटबन्द निर्माण गर्न आवश्यक बजेट बिनियोजन गरेको छु।

**विपद व्यवस्थापन समिति अन्तर्गत उल्लखित कार्यक्रम संचालन गर्न रु १० लाख बजेट बिनियोजन गरेको छु ।**

३१. पुराना व्यक्तिगत घटना दर्ता अन्तर्गत डिजीटाइजेशन गरिएका विवरणहरुको प्रमाणिकरण गरि वडा कार्यालयबाट नै आफ्नो विवरण हेर्न र प्रतिलिपि लिने व्यवस्था र व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षाका कार्यक्रमलाई थप प्रभावकारी, आधुनिक प्रविधिमा आधारित र जनताको पहुच तथा सहभागितालाई सुनिश्चितताका साथै वडामा जनप्रतिनिधि तथा कर्मचारीहरुलाई गोष्ठि, अभिमुखीकरण तथा क्षमता अभिवृद्धि सम्बन्धि तालिमको संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

३२. करदाताहरुको उत्प्रेरणा बढाउन नगरपालिकालाई बुझाउनु पर्ने सेवा शुल्क, दस्तुर तथा कर रकम तोकिएको समयावधि भित्रै बुझाएका करदाताहरु मध्येवाट उत्कृष्ट करदाता छनौट गरी उचित सम्मान कार्यक्रम, नगरपालिका भित्रका करदाताहरुमा करको महत्व र उपयोगिताको जानकारी गराउन करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम र कर असूलीका लागि अतिरिक्त समय खटिने कर्मचारीहरुको प्रोत्साहन तथा खाजा खर्चको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

भुम्सिकोट नगरपालिकाको आ.व. २०८०/०८१ को बजेट वक्तव्य

३३. नगरपालिकाको सेवा प्रवाहलाई प्रभावकारी एवं व्यवस्थीत बनाउन र जनप्रतिनिधि तथा नगरमा कार्यरत कर्मचारीहरुको क्षमता विकासका लागि सकारात्मक कार्य संस्कृति विकास प्रशिक्षण कार्यक्रम, सूचनाको हक तथा कार्यविभाजन नियमावली सम्वन्धी अभिमुखीकरण, सार्वजनीक सुनुवाई तथा गुनासो व्यवस्थापन, नागरीक सहायता केन्द्र संचालन भ्रष्टाचार नियन्त्रण कार्यक्रम, नागरीक बडापत्र छपाई, नगर प्रहरी तथा कर्यालय सहयोगीको क्षमता विकासका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**संस्थागत विकास तथा सेवा प्रवाह समिति अन्तर्गत उल्लेखित कार्यक्रम संचालन गर्न रु ६ लाख ४९ हजार ७ सय ५७ रुपैया बजेट बिनियोजन गरेको छु ।**

३४. नेपालको संविधानले व्यवस्था गरे अनुसारका अनुसूची ८ बमोजिम स्थानीय तहले प्रयोग गर्न पाउने एकल अधिकारका सूचीहरु कार्यान्वन गर्न ऐन, नियम तथा कार्यविधि निर्माण, सरोकारवालाहरुको सहभागिता कानूनहरुको निर्माण प्रक्रिया अवलम्वन र नगरपालिकाद्धारा निर्माण गरिएका कानूनहरु जनप्रतिनिधि तथा समुदायस्तरमा अनुशिक्षण गर्न आवश्यक बजेट बिनियोजन गरेको छु ।

३५. न्यायिक समिति मार्फत सरल, छिटो छरीतो एवं प्रभावकारी रुपमा न्याय सम्पादन गर्ने कार्यलाई व्यवस्थित गर्न वडामा मेलमिलाप केन्द्रको व्यवस्थापन कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**विधेयक समिति र न्यायिक समितिको सचिवालयका लागि माथि उल्लखित कार्यक्रम संचालन गर्न रु ५ लाख बजेट बिनियोजन गरेको छु ।**

**आदरणीय नगर सभाका सभा अध्यक्षज्यू एवं सदस्य ज्यूहरु**

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरू कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु।

३६. आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्न रु. ७४ करोड ८६ लाख २७ हजार ५ सय २५ रुपैया विनियोजन गरेको छु। कुल विनियोजनमध्ये चालुतर्फ रु. ५७ करोड १० लाख २७ हजार ५ सय २५ रुपैया अर्थात् ७६.२७ प्रतिशत, पुंजीगत तर्फ रु. १७ करोड ७६ लाख अर्थात् २३.७३ प्रतिशत रहेको छ।

आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत निम्न बमोजिम रहेका छन ।

१ संघीय वित्तिय सामानीकरण अनुदान   ११ करोड ५१ लाख,
२ शर्सत अनुदान संघीय सरकार ३५ करोड ९५ लाख,
३ राजश्व वांडफाड संघीय सरकार १० करोड ५० लाख ८४ हजार
४ विशेष अनुदान संघीय सरकार ८० लाख,
५ समपुरक अुदान संघीय सरकार ७५ लाख,
६ समानीकरण अनुदान कर्णाली प्रदेश सरकार १ करोड ३३ लाख ४७ हजार,
७ शर्सत अनुदान कर्णाली प्रदेश सरकार ६ करोड १९ लाख ६२ हजार,
८ राजश्व वांडफाड प्रदेश सरकार ११ लाख ३४ हजार ५ सय २५ रुपैया
९ प्रदेश विशेष अनुदान ९० लाख
१० प्रदेश समपुरक अनुदान १ करोड ५० लाख
११ नगरपालिका आन्तिरीक स्रोत ३ करोड ३० लाख र
१२ आ.व.२०७९/०८० को बाकी मौज्दात रकम रु. २ करोड आगामी आर्थिक वर्षको लागि प्रस्ताव गरेको छ ।

**सभा अध्यक्षज्यू,**

३७. अन्तमा बजेट तयारीको क्रममा प्रत्यक्ष र परोक्ष रुपमा मार्गदर्शन गर्नुहुने संघीय सरकार तथा प्रदेश सरकारका पदाधिकारीहरु, जिल्ला समन्वय समिति रुकुम पश्चिमका प्रमुख, नगर प्रमुख, वडा अध्यक्ष एवं कार्यपालिका सम्पूर्ण सदस्य ज्यूहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । बजेटका सिद्धान्त, उद्धेश्य, प्राथमिकता र नीतिहरुमा व्यापक छलफल गरी सुझाव दिनुहुने नगरकार्यपालिका सदस्यहरुप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु । बजेट छलफलको क्रममा सुझाव दिनुहुने नागरीक समाज, पत्रकार तथा उद्योग वाणिज्य संघका प्रतिनिधिहरु, सहकारी क्षेत्र, सामाजिक संघ संस्थाका प्रतिनिधिहरु, विषयगत शाखाका प्रमुखहरु सबैमा हार्दिक धन्यवाद दिदै बजेट कार्यान्वयनमा सहयोग गरिदिनुहुन अनुरोध गर्दछु ।

धन्यवाद ।

विमल कुमार पुनमगर
नगर उप प्रमुख
मुसिकोट नगरपालिका, रुकुम पश्चिम

मिति २०८० असार १० गते
स्थान मुसिकोट नगरपालिका वडा नम्वर सात ठुलीदह ।